नेपाल वायुसेवा

मिति : २०७७/८/३०

१) नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयमा नेपालका लागि फ्रान्सका महामहिम राजदुत Francois – Xavier Leger र निगमको महाप्रवन्धक डिम प्रसाद पौडेलबीच शिष्टाचार भेटघाट भएको छ । मिति २०७७/८/२९ सोमबार भएको भेटघाटमा दुई देश बिचको नागरिक उड्डयन क्षेत्रमा परस्परको सहयोग र समन्वयमा जोड दिनुको साथै निगमसँग रहेको एयरबसको सुब्यवस्थित उडानलाई आवश्यक प्राविधिक सहयोग आदानप्रदान सम्बन्धमा छलफल गरिएको थियो ।

२) राष्ट्रिय ध्वजावाहक निगमले सेवाग्राहीहरुको अपेक्षा र समृद्ध नेपालको परिकल्पनालाई साकार पार्न गुणस्तरिय सेवा सहितको व्यावसायिक सुनिश्चितता एवं प्रवर्द्धनका लागि १० वर्षे व्यावसायिक कार्ययोजना संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननिय योगेश भट्टराईज्यू समक्ष मिति २०७७/८/२९ सोमबार बुझाएको छ । निगमका सञ्चालक समितिका अध्यक्ष श्री शुशिल धिमिरे तथा महाप्रवन्धक डिम प्रसाद पौडेलज्यूको नेतृत्वमा बुझाईएको सो व्यावसायिक योजना ग्रहण गर्दै माननिय मन्त्रीज्यूले नेपाल वायुसेवा निगमको एउटा रोडम्याप तयार भएको र सरकारले यो योजनालाई सफल बनाउन आवश्यक सम्पुर्ण सहयोग गर्ने बताउनु भएको थियो ।

३) नेपाल वाय ुसेवा निगमले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमान स्थलको कमसिर्यल ग्राउण्ड ह्याण्डलिङ्ग (भूमिस्थ प्रवन्ध सेवा) गर्ने अनुमति प्राप्त गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०७७/८/१७ को निर्णयले निगमलाई उक्त अधिकार प्राप्त भएको छ ।

४) निगमले ट्विन अट्टर विमानबाट मिति २०७७/८/३० मा सोलुखुम्बु जिल्लाको थुलुङ्ग दुधकोशी गाउँपालिका वार्ड नं.२ स्थित काँगेलडाँडा विमानस्थलमा परीक्षण उडान सम्पन्न गरेको छ । उक्त विमान बिहानको ८:३० मा काठमाडौंबाट उडान गरी ११:०५ मा सफल परीक्षण उडान गरी फर्केको छ ।

....................

करिश्मा श्रेष्ठ

प्रवक्ता

नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np,web: www.nepalairlines.com.np